नेपाल सरकार

मा. गिरिराजमणि पोखरेल
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्या :-

चलानी नं.:-

मिति :- २०७६/१२/०४

विषय :- **अपिल**

गत महिना देखि विश्वव्यापी रुपमा फैलदै गएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको जोखिम एवम् सन्त्रास वढिरहेको अवस्थामा आवश्यक सतर्कता अपनाउन शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले यसअघि नै चैत्र ५ गते सम्म कक्षा १ देखि ९ सम्मका परीक्षा सञ्चालन गरिसक्न अनुरोध गरेको थियो । यो परीक्षा समाप्त भएपछि अर्को शैक्षिक सत्र शुरु नहुन्जेल सम्म करीव तीनहप्ता देशभरका करीव ७० लाख विद्यालय जाने उमेरका वालवालिकहरु घर परिवारमा नै रहनेछन् । संक्रमणको त्रास रहेको यो अवस्थामा परीक्षा सकेका विद्यार्थीहरुलाई घर वाहिर नजान एवम् यो अवधिमा मुलुकको विशेष परिस्थितिलाई ध्यानमा राखि विद्यालयमा साँस्कृतिक कार्यक्रम, वार्षिक अभिभावक दिवस, नतिजा सार्वजनिकरण, प्रवेश परीक्षा वा भर्नाका नाममा भीडभाड वा आम भेला नगर्न सबैमा अनुरोध छ ।

२०७६ सालको माध्यमिक शिक्षा (एसइइ) परीक्षा यही चैत्र ६ गतेदेखि १७ गते सम्म देशभरका १९९५ परीक्षा केन्द्रमा सञ्चालन हुदैछ । यो परीक्षामा देशभरका कुल ४ लाख ८२ हजार २१९ छात्रछात्रा समावेश हुँदैछन् । परीक्षा सञ्चालनका सबै तयारी पुरा भै सकेको र विद्यार्थीहरु परीक्षा केन्द्रमा पुगिसकेको अवस्था छ । मुलतः एसइइ परीक्षाको व्यवस्थापन र सञ्चालन प्रदेश सरकारले गर्ने हो । हालको संक्रमणकालिन अवस्थामा संघीय र स्थानीय सरकारले यसमा आवश्यकता अनुरुप समन्वय र सहजीकरण गरीरहेका छन् । स्वास्थ्य क्षेत्रका विज्ञ तथा शिक्षाका सरोकारवालहरुसँगको परामर्श र छलफल पश्चात् माननीय उपप्रधानमन्त्रीज्यूको संयोजकत्वमा गठित नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्च् स्तरीय अनुगमन समितिमा भएका छलफल तथा विश्लेषण समेतका आधारमा एसइइ परीक्षा पूर्व निर्धारित समय तालिका अनुसार नै पर्याप्त सावधानी अपनाएर सञ्चालन एवम् ब्यबस्थापन गर्ने गराउने प्रवन्ध गरिएको छ । विद्यार्थीहरुलाई परीक्षाकेन्द्रमा स्वास्थ्य सहायता प्रदान गर्न प्रत्येक परीक्षा केन्द्रहरुमा परीक्षा अवधिभर हेल्थ डेस्क राख्ने प्रवन्धका लागि ७५३ वटै स्थानीय तहहरुलाई अनुरोध गरी सकिएको छ ।

यतिवेला कोरोनाको संक्रमण रोकथाम गर्ने र एसइइ परिक्षालाई मनोबैज्ञानिक एवम् त्रासमुक्त वातावरणमा सम्पन्न गर्ने जिम्मेवारी पुरा गर्नुपर्ने स्थिति छ । विद्यार्थीहरुलाई साबुन प्रयोग गरी हात धुने,

मास्कको प्रयोग गर्ने, अरुसँग हात नमिलाउने, सकभर भीडभाडमा नजाने लगायतका व्यक्तिगत सुरक्षाका तरीका अपनाउन यस अघिपनि मन्त्रालयवाट अनुरोध गरि सकिएको छ । म परीक्षा केन्द्र परिसरमा अनावश्यक रुपमा जम्मा भएर भीडभाड नगर्नुहुन सबै अभिभावकहरु र परीक्षा केन्द्रका आसपासमा रहेका स्थानीय जनसमुदायलाई अनुरोध गर्दछु । यस सन्दर्भमा सोको अनुगमन र सहजीकरणको लागि स्थानिय तह र स्थानीय प्रशासनलाई आग्रह पनि गर्न चाहन्छु । परीक्षामा समावेश हुने सबै विद्यार्थी भाइवहीनीहरुलाई केन्द्राध्यक्ष र हेल्थ डेस्कमा कार्यरत व्यक्तिले दिएका निर्देशनहरुलाई पालना गर्दै व्यक्तिगत तवरमा सचेत रहि भयभित र त्रसित नभैकन मर्यादित तवरले परीक्षामा सहभागि हुन अनुरोध गर्दछु ।

कोरोना भाइरस (कोभिड-१९) विश्वव्यापि रुपमा संक्रमित भै रहेको वर्तमान अवस्थामा उच्च स्तरीय अनुगमन समितिले ३० अप्रिल २०२० सम्मका लागि संक्रमण फैलिएका देशहरुमा अध्ययन गर्न जान चाहने विद्यार्थीहरुका लागि नो अव्जेशन लेटर (NOC) जारी नगर्ने निर्णय गरेको छ । भारतमा एमवविएस एवम् एमडी को प्रवेश परीक्षा दिन फारम भर्ने प्रयोजनका लागि र विदेशमा पढी रहेका नेपाली विद्यार्थीले विषय परिवर्तन वा कलेज परिवर्तन गर्न चाहेको अवस्थामा नेपालमा निजका अभिभावकले आवेदन गरेमा नो अव्जेशन लेटर जारी गर्ने प्रवन्ध मिलाइएको छ । अन्यको हकमा स्थितिको नियमित अनुगमन र मूल्याङ्कन गरी चाँडै मन्त्रालयले यस कार्यलाई सहज वनाउदै लैजानै प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

विगतका कैयन विपद्हरुमा विद्यालय तथा शिक्षणसंस्थाहरुले स्थानीय तहमा रहेर निकै सुझबुझपूर्ण तरीकाले काम गर्दै आएको अनुभव हामीसँग छ । विपद पूर्व योजना अनुरुप आउने विषय होइन कोरोनाको विश्वब्यापी संक्रमण पनि यस्तै हो । विद्यार्थीको स्वास्थ्य सुरक्षा र वचावट हाम्रो पहिलो प्राथमिकता हो र संकटापन्न अवस्थामा पनि वालवालिकाको पढ्न पाउने हक अधिकार सुरक्षित हुनु पर्दछ भन्ने विषयमा पनि नेपाल सरकार गम्भिर छ । तसर्थ मन्त्रालयले परिस्थितिको नियमित विश्लेषण गरिरहेको छ । यस सन्दर्भमा आइपर्ने कुनै पनि विषम परिस्थितिमा मन्त्रालयले उच्चस्तरीय समितिसँग संयोजन गरी यथोचित निर्णय लिने नै हुँदा अनावश्यक हल्ला र अफवाहको पछि नलाग्न र मन्त्रालय एवम् सम्वन्धित निकायका आधिकारिक सूचनाहरुमा भरपर्न पनि म सबैमा अनुरोध गर्दछु ।

अन्तमा, यस प्रकारको विषमपूर्ण अवस्थामा आआफ्नो ठाउँवाट योगदान पुर्याउनका लागि विद्यार्थी, शिक्षक, प्रधानाध्यापक, अभिभावक, सूरक्षाकर्मी, सरकारी निकाय, आमसञ्चार माध्यम तथा पत्रकार जगत, राजनैतिक दलका कार्यकर्ताहरु, विभिन्नसरकारी निकाय, शिक्षाविद, तथा प्राध्यापकहरु लगायत सम्पूर्ण सरोकारवालहरुमा हार्दिक अपिल गर्दछु ।

गिरिराजमणि पोखरेल
मन्त्री
शिक्षा, विज्ञान तथा प्रविधि